नेपाल सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

केन्द्रिय तथ्याङ्क विभाग

# राष्ट्रिय आर्थिक गणना २०७५

## जिल्ला आर्थिक गणना कार्यालय

## अर्घाखाँची

प.सं. २०७४।७५

च.नं.

प्रकाशन मिति : २०७४।१२।०७

### विषय : करारमा गणकहरुको सेवा लिने बारेको सूचना ।

केन्द्रिय तथ्याङ्क विभागबाट सञ्चालन गरिने प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को **स्थलगत कार्य** सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति परिचालनका लागि जिल्ला आर्थिक गणना समन्वय समितिको मिति २०७४।१२।०५ को निर्णयानुसार प्राप्त कार्यादेश तथा निर्देशिकामा उल्लेख भए बमोजिम अर्घाखाँची जिल्लाका लागि २०७४ चैत्र देखि २०७५ आषाढ सम्मको अवधिमा **२ महिना १५ दिन** कामकाज गर्ने गरी निजामति सेवाको राजपत्र अनंकित द्वितिय श्रेणी वा सो सरहको गणक पदमा केहीं संख्यामा करार नियुक्ति गरी परिचालन गर्न आवश्यक भएकोले तपशिलको योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र रु. १०.०० को टिकट टाँस गरी निवेदन दिनुहुन सूचित गरिन्छ । साथै दरखास्त दिने व्यक्तिहरुले नेपाली नागरिकताको प्रमाणपत्र, आवश्यक न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साइजको १ प्रति फोटो पेश गर्नुपर्नेछ । सेवाका अन्य शर्त तथा सुविधाहरु छनौट भएका उम्मेद्वारसँग यस कार्यालयले प्राप्त कार्यदेश र निर्देशिका बमोजिम गर्ने करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

**तपशिल :**

| | |
|---|---|
| पद | गणक |
| संख्या | २७ |
| **काम गर्नुपर्ने स्थान** | अर्घाखाँची जिल्लाका सबै क्षेत्र (स्थानिय तह) |
| **आवश्यक न्यूनतम योग्यता** | १. १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको नेपाली नागरिक ।<br>२. कम्तिमा १०० पूर्णाङ्कको गणित वा तथ्याङ्क विषय लिई विज्ञान वा व्यवस्थापन वा मानविकि वा शिक्षा वा इन्जिनियरिङ वा वन विज्ञान संकाय अन्तर्गत प्रविणता प्रमाणपत्र तह वा १० जोड २ तह उत्तिर्ण गरेको ।<br>३. सूचना प्रविधि जस्ते कम्प्युटर, ट्याब्लेट, स्मार्टफोनको राम्रोसँग प्रयोग गर्न सक्ने ।<br>४. मिलनसार व्यवहार, सम्बन्धित विषयमा बोल्न, बुझ्न, बुझाउन सक्ने । |
| **सुविधा** | रा.प.अन.द्वितिय श्रेणीको सुरु तलब स्केल बाहेक अन्य सुविधाहरु उपलब्ध हुने छैन । |
| **फारम पेश गर्ने र पाइने स्थान** | जिल्ला आर्थिक गणना कार्यालय (महिला तथा बालबालिका कार्यालयको भवन) |
| **दरखास्त दिने अन्तिम मिति र समय** | २०७४।१२।१३(कार्यालय समय भित्र) |
| नोट | दरखास्त दिएका व्यक्तिहरुको शैक्षिक योग्यता उमेर र निर्देशिक मा उल्लेखित अन्य योग्यता पुगे नपुगेको छानबिन गरी योग्यता पुगेका दरखास्त वालाहरुले प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई तह उत्तिर्ण गर्दा प्राप्त गरेको अङ्कको प्रतिशतको आधारमा योग्यताक्रम निर्धारण गरी (उच्च प्रतिशत प्राप्त गर्ने उम्मेद्वारबाट क्रमश आवश्यक संख्यामा) छनौट गरिनेछ । कुनै उम्मेद्वारको प्राप्ताङ्क प्रतिशत बराबर हुन आएमा गणित विषयमा बढि प्रतिशत प्राप्त गर्ने उम्मेद्वारको छनौट गरिनेछ । छनौट हुन नसकेका उम्मेद्वारहरुको पनि प्राप्त प्रतिशत अनुसार नामावली प्रकाशन गरिनेछ र वैकल्पिक जनशक्तिको रुपमा योग्यता क्रमलाई आधार मानि आवश्यकता अनुसार परिचालन गर्न सकिनेछ । स्थानिय तह बमोजिमका उम्मेद्वारलाई प्राथमिकतामा राखिनेछ । |

जिल्ला आर्थिक गणना कार्यालय, अर्घाखाँची

फोन नं. ०७७-४२०६७७